करैयामाई गाउँपालिका

# करैयामाई गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## करैया, बारा


## स्थानीय राजपत्र

खण्डः १०    संख्याः ३    मितिः २०८३/०३/१९


भाग — १

# करैयामाई गाउँपालिकाको

# अर्थ सम्बन्धी ऐन, २०८३

# करैयामाई गाउँपालिकाको अर्थ सम्बन्धी ऐन, २०८३

<u>सभाबाट पारित मितिः २०८३/०३/०५</u>

<u>प्रस्तावनाः</u>

करैयामाई गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ मा स्थानीय कर तथा गैरकर राजश्व संकलन गर्ने, छुट दिने तथा आय संकलन कार्यको प्रशासनिक ब्यवस्था गर्न करैयामाई गाउँपालिका अर्थ सम्बन्धी विधेयक तयार गरी गाउँसभाबाट पारित गरेर लागू गर्न बान्छनिय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम करैयामाई गाउँपालिकाको गाउँसभाले "**करैयामाई गाउँपालिकाका अर्थ सम्वन्धी ऐन, २०८३** पारित गरिएको छ।

## १.संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "करैयामाई गाउँपालिकाका अर्थ सम्वन्धी ऐन, २०८२ लाई संसोधन/विस्थापन गर्न वनेको विधेयक, २०८३" रहेको छ।

(२) यो ऐन गाउँसभाले पारीत गरी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएर लागू हुनेछ।

## २.सम्पति करः

गाउँपालिकाको क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

## ३.भूमि कर (मालपोत):

गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

## ४.घर वहाल करः

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**५. व्यवसाय करः**

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु निकासी करः**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन करः**

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**८. विज्ञापन करः**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**९. मनोरन्जन करः**

गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१०. बहाल बिटौरी शुल्कः**

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ। सार्वजनिक

सम्पति ठेक्का लगाउदा, ठेक्केदारले कबोल गरेको अंक एकमुष्ट जम्मा गर्न चाहेमा कबोल गरेको रकममा १० प्रतिशत छुट दिई ठेक्का सम्झौता गरिनेछ।

## ११. पार्किङ शुल्कः

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

## १२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर ऱ्याफ्टीङ्ग शुल्कः

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

## १३. सेवा शुल्क, दस्तुरः

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

## १४. पर्यटन शुल्कः

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

## १५. निकासी शुल्कः

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन वा उत्खनन भई निकासी हुने सामग्रीहरुमा  अनुसूची (१४) मा उल्लेखित दरमा निकासी शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१६. नक्सा पास शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बन्ने घर तथा संरचना निर्माणमा अनुसूची (१५) मा उल्लेखित दरमा नक्सा पास शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१७. नक्सा पास शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र काम गर्ने गरी गाउँपालिकामा सहकारी संघ संस्था, कृषक समुह तथा गैर सरकारी संस्था दर्ता नविकरण गर्दा अनुसूची (१६) मा उल्लेखित दरमा शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१८. अन्य शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको पोखरी, तालतलैया, तथा बगैचाहरुमा अनुसूची (१७) मा उल्लेखित दरलाई न्यूनतम अंङ्क मानी ठेक्का लगाई आम्दानी गर्न सक्नेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१९. कर छुटः**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

**२०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधीः**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची(१)
## सम्पती कर

| कर योग्य सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|
| रु २० लाखसम्म | रु. १०० |
| रु ५० लाखसम्म | रु. ३०० |
| रु १ करोड सम्म | रु. ५०० |
| रु २ करोड सम्म | रु. १००० |
| रु २ करोडभन्दा माथी | प्रति लाख रु. १० |

## संरचनाको न्युनतम मुल्यांकन हद

| श्रेत्र | संरचना प्रति वर्ग फिट रु | | | | | | | | एकमुष्ठ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आर सि सि फ्रेम स्टकचर | | सिमेण्ट जोडाईमा ईट्टा वा ढुङ्गाको गारो आर सि सि छाना | | गारो जस्ता टायल को छाना माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो आर सि सि वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको | | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता टायलको छाना | | सेड वा कच्ची घर | |
| | व्यापारिक औधोगिक तथा संस्थागत | बसोवास | व्यापारिक औधोगिक तथा संस्थागत | बसोवास | व्यापारिक औधोगिक तथा संस्थागत | बसोवास | व्यापारिक औधोगिक तथा संस्थागत | बसोवास | व्यापारिक औधोगिक तथा संस्थागत | बसोवास |
| व्यापारिक क्षेत्र | ८०० | ७५० | ७०० | ६५० | ५०० | ४५० | ४०० | ३५० | रु.१००००० | रु. ५०००० |
| आवसिय क्षेत्र | ७०० | ६५० | ६०० | ५५० | ४५० | ४०० | ३५० | ३०० | रु. ५०००० | रु. ३०००० |
| कृषि क्षेत्र | ६०० | ५५० | ५०० | ४५० | ३५० | ३०० | २५० | २०० | रु. ४०००० | रु. २०००० |
| वन तथा वगर क्षेत्र भिर पाखा | ४०० | ३५० | ३५० | ३०० | २०० | १५० | १५० | १०० | रु. ३०००० | रु. १५००० |

## संरचनाको ह्रास कट्टी दर (प्रतिसतमा)

| संरचनाको किसिम संरचनाको आयु | आर.सि. सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १- ४ बर्ष | ६ | ९ | १२ | १५ | २० |
| ४- ८ बर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ८- १२ बर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| १२- १६ बर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १६- २० बर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| २०- २४ बर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| २४- २८ बर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |
| २८- ३२ बर्ष | ४८ | ७२ | ९० | ९० | ९० |
| ३२- ३६ बर्ष | ५४ | ८० | ९० | ९० | ९० |

## अनुसूची (२)
### मालपोत

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | मालपोत भुमिकर | **खेतः-** | |
| | | कृषि क्षेत्रको जग्गा (अब्बल, दोयम, सिम) प्रति कठ्ठा | १० |
| | | घडेरी (आवासिय) को जग्गामा प्रति धुर | १५ |
| | | उद्योग भएको जग्गामा प्रति कठ्ठा | १०० |
| **नोटः** चालु आर्थिक वर्षभित्र कर नबुझाउनेलाई दोस्रो वर्ष जम्मा कर रकममा २५ प्रतिशत तेस्रो वर्षमा ३५ प्रतिशत गरी प्रत्येक थप वर्षमा १० प्रतिशत थप जरिवाना/कुनै व्यक्तिले मालपोत कर तिर्न आउदा रु. १०/- भन्दा कम भएमा उक्त व्यक्तिले न्युनतम रकम रु. १०/- तिर्नैपर्ने । | | | |

## अनुसूची(३)
### बहाल कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | बहाल कर(घर संरचना टहरा जग्गा) | कुल भाडाको १० प्रतिशत | १० प्रतिशत |
| २ | जग्गा बहाल कर (कृषि प्रयोजन) | जग्गा मुल्याङ्कन भएको कुल रकमको | १ प्रतिशत |
| ३ | जग्गा बहाल कर(व्यवसाय प्रयोजन) | जग्गा मुल्याङ्कन भएको कुल रकमको | १० प्रतिशत |

## अनुसूची(४)
### व्यवसाय कर

| क्र.सं. | विवरण (दर्ता / नविकरण) | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | मदिरा तथा हल्का पेय पदार्थ पसल | वितरक | ५०० |
| | | थोक | ४०० |
| | | खुद्रा | ३०० |
| २ | चुरोट, बिडी, सुर्ती जन्य | वितरक | ५०० |
| | | थोक | ३०० |
| | | खुद्रा | २०० |
| ३ | सुन, चाँदी पसल | थोक | १५०० |
| | | खुद्रा पसल र मर्मत | १००० |
| ४ | औषधी पसल | थोक | १००० |
| | | खुद्रा पसल र मर्मत | ५०० |
| ५ | माछा, मासु बिक्रि पसल | | ५०० |
| ६ | आयुर्वेदिक औषधी पसल | | ५०० |
| ७ | एग्रोभेट पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| ८ | स्टेशनरी तथा पुस्तक पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| ९ | छपाई तथा प्रकाशन | अफसेट प्रेस | ५०० |
| | | साधारण प्रेस | ३०० |

| | | | |
|---|---|---|---|
| १० | कस्मेटिक पसल | | ५०० |
| ११ | मोटर पार्ट्स | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| १२ | प्लाई तथा ग्लास | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| १३ | कपडा/फैन्सी/जुत्ता,चप्पल/व्याग पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| १४ | धगो, टाँक पसल | थोक | २०० |
| | | खुद्रा | १०० |
| १५ | ईलेक्ट्रोनिक पसल (मोबाईल,घडी,क्याल्कुलेटर, अडियो, भिडियो आदी) | थोक | ५०० |
| | | खुद्रा | ५०० |
| १६ | हार्डवयेर/मेशिनरी/स्यानिटरी/ मार्बल पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १७ | पेट्रोलियमपदार्थ | पेट्रोल पम्प | ५००० |
| | | पेट्रोल बिक्रि केन्द्र | ३०० |
| | | ग्यास सिलिन्डर सब डिलर | ५०० |
| | | मट्टितेल मात्र बिक्रि | २०० |
| १८ | स्टिल आल्मुनियम पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| १९ | फर्निचर | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २० | ढुंङ्गा तथा गिट्टी, बालुवा बिक्रि वितरण गर्ने | | १००० |
| २१ | कपडा सिलाई केन्द्र | टेलरिङ्ग आधुनिक | ५०० |
| | | हाते मेसिन | ३०० |
| २२ | स्नुकर तथा पुल हाउस | | ३०० |
| २३ | क्यारेमबोर्ड | | २०० |
| २४ | पशु आहार बिक्रि केन्द्र | | ५०० |
| २५ | किराना पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| २६ | फलफुल/तरकारी पसल | थोक | २०० |
| | | खुद्रा | १०० |
| २७ | उपहार/गिफ्ट/खेलौना पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| २८ | भाँडा पसल(स्टिल,प्लास्टिक, आल्मूनियम सबैथरी) | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २९ | माटाको भाँडा पसल | थोक, खुद्रा | ५०० |
| ३० | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा | चिकित्सक | १००० |
| | | कन्सल्टेन्ट सेवा इन्जिनियरिङ्ग | १००० |

| | | | |
|---|---|---|---|
| | | कानुनीव्यवसायी ल-फर्म | १००० |
| | | लेखापरीक्षण व्यवसायी | १००० |
| | | दन्तचिकित्सक | १००० |
| | | अनुसन्धानकर्ता परामर्श दाता | १००० |
| | | पशु चिकित्सक डाक्टर | ५०० |
| | | रोजगार सेवा | ५०० |
| ३१ | ढुवानी तथा ट्रान्सपोर्ट | | ५०० |
| ३२ | पेन्टर/साईनबोर्ड लेख्ने | | २०० |
| ३३ | जग्गा व्यवसायी | | १००० |
| ३४ | निर्माण व्यवसायी )घ (वर्ग | | १००० |
| ३५ | ट्राभल एजेन्सी | | ५०० |
| ३६ | ग्रील उद्योग | | ५०० |
| ३७ | जुत्ता उद्योग | | ३०० |
| ३८ | घरेलु कुटिर उद्योग(अगरबत्ती,मैनबत्ती,टीका,अचार तथा अन्य कुटिर) | | २०० |
| ३९ | कपडा तथा गार्मेन्ट उद्योग | | ५०० |
| ४० | सिरक डसना उद्योग  पसल | | ५०० |
| ४१ | कुटानी पेलानीमिल | | ३०० |
| ४२ | मसला मिल | | ३०० |
| ४३ | ईट्टा उद्योग | | १५००० |
| ४४ | टायल उद्योग | | १००० |
| ४५ | सोलार  पसल | | ३०० |
| ४६ | डेरी उद्योग/व्यवसाय | | ३०० |
| ४७ | उपभोग्य बस्तु उत्पादनउद्योग | कुकिज नुडल्स | ३०० |
| | | दालमोट, पाउरोटी, चाउमिन | ३०० |
| | | पापड, चिप्स,फिगर | ३०० |
| ४८ | वनजन्यउद्योग | स:मिल प्लाइउड उद्योग | ३००० |
| | | काठ बिक्रि डिपो | ३००० |
| ४९ | सर्तिजन्य उद्योग | | १००० |
| ५० | होटेल लज रेष्टुरेन्ट | होटेल र लज | १००० |
| | | भोजनालय | ३०० |
| | | मिठाई पसल | ३०० |
| | | पार्टी प्यालेस | १००० |
| | | रेष्टुरेन्ट-बार | २००० |
| | | चिया र खाजा पसल | २०० |
| | | खाना,खाजा,नास्ता पसल(मदिरा सहित) | १००० |
| ५१ | टेनट हाउस | | ५०० |
| ५२ | संचार | एफ एम प्रसारण | १००० |

| | | | |
|---|---|---|---|
| | | केबल च्यानल प्रसारण | १००० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | ३०० |
| | | फोटोकपी, पि.सि.ओ. साईबर तथा क्याफे | ५०० |
| | | कुरियर सेवा | ३०० |
| | | कलर ल्याव/फोटो स्टुडियो | ३०० |
| ५३ | वित्तिय | बैंक प्रति शाखा/केन्द्रिय कार्यालय | २००० |
| | | वित्तीय/ऋण सहकारी संस्था | १००० |
| | | मनी ट्रान्सफर | १००० |
| | | बिमा कम्पनी | १००० |
| | | लघुवित्त | १००० |
| ५४ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | १०००० |
| | | क्लिनिक तथा ल्याव | १००० |
| ५५ | पशुपन्छी फार्म | दर्ता | १००० |
| | | नविकरण | ३०० |
| ५६ | मासु पसल दर्ता | | ५०० |
| ५७ | चस्मा पसल | | ५०० |
| ५८ | शिक्षा सेवा निजी | क्याम्पस | १०००० |
| | | मा.वि/उ.मा.वि. | ५००० |
| | | आधारभुत | ३००० |
| | | प्राथमिक | ३००० |
| | | छात्रावास | १००० |
| | | मन्टेश्वरी | १००० |
| | | पूर्व प्राथमिक | २००० |
| | | ट्यूशन सेन्टर | ५०० |
| | | कम्प्युटर/नृत्यकलासिकाइ केन्द्र | ५०० |
| | | तलिम तथा अनुसन्धान केन्द्र | ५०० |
| ५९ | मर्मत सम्भार | टायर–टयुव मर्मत, रिसोलिङ्ग, हावा भर्ने | ३०० |
| | | इन्जिन मर्मत | ५०० |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | ५०० |
| | | टि.भि., फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी, जेनेरेटर, कम्प्युटर, मोबाइल | ५०० |
| | | मोटरसाईकल मर्मत | ५०० |
| | | बस, टयाक्सी लगायतका सवारी साधन | १००० |
| ६० | ड्राई किलिनिक, व्युटी पार्लर तथा सैलुन | | ५०० |
| ६१ | फुल बिरुवा पसल | | ५०० |
| ६२ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | ५०० |
| | | अन्तराष्ट्रिय | १००० |

यस अनुसूचीमा उल्लेखित व्यवसाय दर्ता गर्दा यस वर्षको लागि कायम गरिएको वार्षिक कर बाहेक वार्षिक कर दर जति छ तेतिनै व्यवसाय दर्ता दस्तुर लगाईने र एक पटक दर्ता भई दर्ता प्रमाणपत्र प्राप्त गरी सकेकाहरुको हकमा दर्ता लाग्ने शुल्क लाग्ने छैन व्यवसाय कर मात्र माग्नेछ।

करैयामाई गाउँपालिका

## अनुसूची (५)
### जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | | | ० |

## अनुसूची(६)
### सवारी साधन कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | सवारी साधन दर्ता शुल्क | सानो/ठुलो/हेवि | १००० |
| २ | पटके सवारी कर | सानो/ठुलो/हेवि | ५०० |

## अनुसूची(७)
### विज्ञापन कर

| क्र. सं | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | विज्ञापन कर सार्वजनिक स्थानमा विज्ञापन वा साईनबोर्ड राखे वापत बार्षिक कर | प्रति स्क्वयरफिट | २०० |

## अनुसूची (८)
### मनोरञ्जन कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | मेला लगाउने | निजी स्थानमा | १००० |

## अनुसूची (९)
### बहाल बिटौरी शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | हाटबजार कर (प्रत्येक पसल प्रति दिन) | किसानको तरकारी पसल | २० |
| | | व्यापारीको तरकारी पसल | ४० |
| | | साइकल/मोटरसाइकल तरकारी | ३० |
| | | टायर प्रति तरकारी | १०० |
| | | ट्याक्टर प्रति तरकारी | २०० |
| | | माछा सानो | १५ |
| | | माछा ठूलो साइकलमा | ७५ |
| | | खसी प्रति गोटा | ७५ |
| | | कुखुरा प्रति ठेहा | ७५ |
| | | सुंगुर प्रति गोटा | १०० |
| | | पार्चुन पसल | ३० |
| | | रेडिमेट कपडा | ५० |
| | | किराना सामान | ५० |

| | | | |
|---|---|---|---|
| | | मिठाइ सामान | ३० |
| | | भाडाकुडा पसल | ५० |
| | | खैनी सुट्टा | २५ |
| | | टर्चलाइट | २० |
| | | छाता मर्मत | २० |
| | | हजाम | २० |
| | | खेलमदारी | ३० |
| | | फलफुल | ३० |
| | | खाने तेल, मटितेल | २५ |
| | | चटपटे | २५ |
| | | चामल, दाल | २५ |
| | | सरसामानको प्रचार प्रसार | १०० |
| | | कुम्हाले भाडा | २० |
| | | मिठा प्रति पसल | ४० |
| | | मासु भुजाई | २५ |
| | | पाउरोटी, बरफ आइसक्रिम | २५ |
| | | जुता चपलको पसल | ४० |
| | | इलेक्ट्रोनिक पसल | ४० |
| | | साबुन, सर्फ पसल | २० |
| | | चुरा पसल | २५ |
| | | टेम्पुमा बाहिरबाट ल्याएर बेच्ने तरकारी, फलफुल | १५० |
| | | जडीबुटी, पुजा सामग्री | ४० |
| | | विउविजन | ३० |
| | | छाप्रोमा व्यवसाय गर्ने मासिकको | ९०० |
| | | रंगामासु विक्री गर्दा प्रति गोटा | २०० |
| २ | बहाल बिटौली कर | | |
| | **नोटः** बहाल बिटौरी शुल्कमा "सार्वजनिक सम्पत्ति ठेक्का लगाउँदा, ठेकेदारले कबोल गरेको अंक एकमुष्ठ जम्मा गर्न चाहेमा कबोल रहेको रकममा १० प्रतिशत छुट दिईनेछ" | | |

हाट वजार लगाउदा वाजार भित्र राखिने वस्तु वा सामाग्री, त्यसले ओगट्ने क्षेत्र र व्यवशाय हुने प्राथमिकता हेरेर दर रेट कायम गरी त्यसका आधारमा मुल्याङ्कन गरी ठेक्काको लागि रकम अनुमान गरेर वढावढ प्रकृयाद्धारा ठेक्का लगाउन सकिनेछ।

## अनुसूची (१०)
### पार्किङ्ग शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | मोटरसाईकल | प्रति पटक | ५ |
| २ | लाईट गाडी | प्रति पटक | १० |
| ३ | हेभी गाडी | प्रति पटक | २० |

## अनुसूची (११)
### ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर, र्याफ्टिङ्ग शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | | | ० |

## अनुसूची (१२)
### सेवा शुल्क दस्तुर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | जग्गा नामसारी सिफारिस | १० कठ्ठा सम्म | १०० |
| | | १० देखि २० कठ्ठा सम्म | २०० |
| | | २० कठ्ठा देखि माथि | ५०० |
| २ | मोही लगत कट्टा सिफारिस | एका सगोलको मोही कट्टा सिफारिस | २०० |
| | | अन्य मोही कट्टा सिफारिस | ५०० |
| ३ | मोही नामसारी | | ३०० |
| ४ | घरवासको जग्गाको सिफारिस | | २०० |
| ५ | घर कायम सिफारिस | १० कठ्ठा भन्दा माथिको | ३०० |
| | | १० कठ्ठा भन्दा तलको | २०० |
| ६ | चौहदी प्रमाणित/एकासगोल प्रमाणित दस्तुर | | ३०० |
| ७ | फिल्डबुक उतार सिफारिस दस्तुर | | २०० |
| ८ | सरजमिन मुचुल्का सिफारिस दस्तुर | साधारण | २०० |
| | | उद्योग वाव्यवसाय प्रयोजन | १५०० |
| | | ईट्टा भट्टाको लागि | १०००० |
| ९ | छात्रवृति सिफारिस | | ० |
| १० | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारिस | | ० |
| ११ | अपाङ्गता भएको सिफारिस | | ० |
| १२ | अस्थायी बसोबास सिफारिस | | १०० |
| १३ | स्थायी बसोबास सिफारिस | | १०० |
| १४ | नागरिकता सिफारिस | वंशज/जन्म | ० |
| | | अंगिकृत | ० |
| १५ | नागरिकता संशोधन/प्रतिलिपी सिफारिस | | १५० |
| १६ | विद्युत/मिटर जडान सिफारिस | कृषि विधुत मिटर | ० |
| | | साधारण/ व्यक्तिगत | १०० |

| | | | |
|---|---|---|---|
| | | संघ/संस्था | ५०० |
| १७ | धारा जडान सिफारिस | | ५० |
| १८ | जीवित रहेको/मृत्यु भइसकेको सिफारिस | | १०० |
| १९ | दुवै नाम गरेको व्यक्ति एक हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारिस | | १५० |
| २० | जन्म/विवाह सिफारिस दस्तुर | | २०० |
| २१ | पारिवारिक विवरण सिफारिस दस्तुर | | २०० |
| २२ | व्यवसाय बन्द सिफारिस | | २०० |
| २३ | व्यवसाय संचालन नभएको सिफारिस | | २०० |
| २४ | व्यापार व्यवसाय नभएको सिफारिस | | २०० |
| २५ | कोर्ट फी मिनाहा सिफारिस | | ५० |
| २६ | व्यवसाय वा फर्म प्यान दर्ता/रद्द सिफारिस | | २०० |
| २७ | नाबालक परिचयपत्र सिफारिस | | १०० |
| २८ | चौपाया सम्बन्धि सिफारिस | पशु विमा दावी प्राप्ति सिफारिस दस्तुर | १०० |
| | | पशु लैजाने सिफारिस दस्तुर | २०० |
| २९ | समावेशी सिफारिस | आदिवासी/जनजाती/मधेशी | १०० |
| | | दलित/पिछडावर्ग/विपन्ता/अपाङ्ता | ० |
| ३० | सिफारिस दस्तुर | साधारण सिफारिस | २०० |
| | | अंग्रेजीमा सिफारिस | ३०० |
| | | अन्य | ५०० |
| ३१ | काठ लैजाने (एक ठाउँबाट अर्को ठाँउमा) | प्रति ट्रेलर | ५०० |
| ३२ | काठ चिरानको लागि लैजाने | प्रति ट्रेलर | २०० |
| ३३ | दाउरा लैजाने | प्रति ट्रेलर | १०० |
| ३४ | विदेश अध्ययनको लागि जग्गा मूल्याङ्कन | प्रति लाख | १०० |
| ३५ | कपाली तमसुक प्रमाणित गर्नुपर्ने भएमा | प्रति लाख | १०० |
| ३६ | सम्पती मुल्याङ्कन/जग्गा मुल्याङ्कन तथा प्रमाणित | प्रति लाख | १०० |
| ३७ | सम्पती मुल्याङ्कन/जग्गा मुल्याङ्कन (बैकिङ्ग प्रयोजन) | प्रति लाख | १०० |
| ३८ | सर्जमिन मुचुल्का दस्तुर | | २०० |
| ३९ | अनुदान सिफारिस | अनुदानका लागि गरिने सिफारिस | ० |
| ४० | सक्सन (चर्पी सफाई) प्रयोग (गा.पा. बाहिर गएकामा ५० प्रतिशत थप) | चर्पी सानो (रिङ्ग भएको लागि) | ५०० |
| | | चर्पी ठुलो प्रति टिप | १५०० |
| ४१ | व्याक हो लोडर | प्रति घण्टा (ईन्धन बाहेक) | १५०० |
| | | प्रतिदिन (ईन्धन बाहेक) | १०००० |
| ४२ | पानी टंकी भाडा | ईन्धन बाहेक प्रति दिन | २००० |
| ४३ | एम्बुलेन्स भाडा | जिल्ला एम्बुलेन्स समितिले तोके बमोजिम | |

| | | | |
|---|---|---|---|
| ४४ | मालपोत तथा अन्य रसिद प्रतिलिपी दस्तुर | | ० |
| ४५ | जग्गा नाँपजाँच (अमिन परिचालन) प्रति किता | प्रति कित्ता | १५०० |
| ४६ | घर नक्सा निवेदन पुस्तिका नयाँ | | १००० |
| ४७ | घर नक्सा निवेदन पुस्तिका (पुरानो बनिसकेको घरको लागि) | | ५०० |
| ४८ | परिचयपत्रको विलम्ब दस्तुर | | २०० |
| ४९ | परिचयपत्रको प्रतिलिपि दस्तुर | | ५०० |
| ५० | व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क | | २०० |
| ५१ | व्यक्तिगत घटना दर्ता प्रमाणको नक्कल दस्तुर | | ५०० |
| ५२ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | | २०० |
| ५३ | परिचय नम्बर वा वैयक्तिक विवरणको प्रमाणीकरणको सेवा वापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | | १० |
| ५४ | जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरणको सेवा वापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | | १० |
| ५५ | परिचय नम्बर, जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरण भई सम्बन्धित व्यक्तिको अन्य व्यक्तिगत विवरण प्रदान गरे वापत प्रति व्यक्ति प्रति व्यक्ति पटकको दस्तुर | | २० |
| ५६ | चालकिला प्रमाणित/घरबाटो प्रमाणित | प्रति किता | २०० |
| ५७ | नाता प्रमाणित | | २०० |
| ५८ | संस्था दर्ता/सुचिकृत | कन्स्ट्रक्सन सम्बन्धी संस्था | ५०० |
| | | अन्य | ३०० |

नोटः चालु आर्थिक वर्षको ६ महिना अर्थात पौष मसान्त भित्र संघ संस्था सुचिकृत नगराएमा माघ ०१ गते देखि उल्लेखित सुचिकृत दर रकमको दोबर लाग्ने छ।

## अनुसूची(१३)

## पर्यटन शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | | | ० |

## अनुसूची(१४)
## निकासी कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | पाकेको ईटा निकासी | प्रतिईटा | २५ पैसा |
| २ | काँचो ईटा निकासी | प्रतिईटा | १० पैसा |
| ३ | माटो निकासी | प्रति घ.मि. | १० रुपैया |
| ४ | बालुवा निकासी | प्रति घ.मि. | १५ रुपैया |
| ५ | रोडा निकासी | प्रति घ.मि. | २० रुपैया |
| ६ | ग्राभेल निकासी | प्रति घ.मि. | १५ रुपैया |

## अनुसूची(१५)
## नक्सापास तथा अभिलेखिकरण दस्तुर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | फुसको घर)टाटी माटोको( | | २०० |
| २ | काँचो ईटा र माटो जाडाई | | २०० |
| ३ | पाको ईटा र माटो जोडाई जस्ता वा टायल वा खपटा छाना | | २०० |
| ४ | पाको ईटा र माटो जोडाई डि.पि.सि. छाना | प्रति स्क्वयर फिट | १ |
| ५ | पाको ईटा र सिमेन्ट जोडाई जस्ता वा टायल वाखपटा छाना | प्रति स्क्वयर फिट | १ |
| ६ | पाको ईटा र सिमेण्ट जोडाई डि.पि.सि. छाना | प्रति स्क्वयर फिट | २ |
| ७ | पाको ईटा र सिमेण्ट जोडाई पिलर सिष्टम आ.सि.सि. | प्रति स्क्वयर फिट | ४ |
| ८ | काठको घर जस्ता वा टायल वा खपटा छाना | प्रति स्क्वयर फिट | ३ |

## अनुसूची(१६)
## संघ संस्था दर्ता नविकरण

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | सहकारी संघ संस्था दर्ता | | २००० |
| २ | सहकारी संघ संस्था नविकरण | | १००० |
| ३ | कृषक समुह दर्ता | | २०० |
| ४ | कृषक समुह नविकरण | | १०० |
| ५ | रासायनीक मल विउ विजन वितरण गर्ने अनुमती पत्र (दर्ता) | | १००० |
| ६ | रासायनीक मल/विउ विजन वितरण गर्ने सिफारीस पत्र (नविकरण) | | ५०० |
| ७ | गैर सरकारी संस्था दर्ता | राष्ट्रिय | ३०० |
| ८ | गैर सरकारी संस्था दर्ता | अन्तरराष्ट्रिय | ५०० |
| ९ | बालुवा प्रशोधन केन्द्र दर्ता | | १५००० |
| १० | बालुवा प्रशोधन केन्द्र नविकरण | | ५००० |

| | | | |
|---|---|---|---|
| ११ | 'घ'वर्ग निर्माण व्यवसाय इजाजत प्रमाणपत्र दर्ता दस्तुर | नयाँ | १५००० |
| १२ | 'घ'वर्ग निर्माण व्यवसाय इजाजत प्रमाणपत्र दर्ता — धरौटी | | ५०००० |
| १३ | 'घ'वर्ग निर्माण व्यवसाय इजाजत प्रमाणपत्र नविकरण | समयमा | ५००० |
| | | म्याद नाघेको ३ महिना भित्र थप | २५% |
| | | म्याद नाघेको ६ महिना भित्र थप | ५०% |
| | | म्याद नाघेको ९ महिना भित्र थप | ७५% |
| | | आर्थिक वर्ष पुरा भएपछि थप | १००% |
| १४ | एफ एम रेडियो इजाजत प्रमाण पत्र दस्तुर | | ५००० |

**अनुसूची(१७)**

**अन्य आम्दानी**

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | माछा पोखरी ठेक्का | | ठेक्का बमोजिम |

**<u>प्रमाणित गर्ने</u>**

हस्ताक्षरः

नामः- शम्भु प्रसाद यादव

पदः- करैयामाई गाउँपालिका अध्यक्ष

प्रमाणित मितिः२०८३/०३/१९

प्रमाणित कानुन पाना(पेज) संख्याः १६(सोह्र)मात्र

**आज्ञाले**

नागेन्द्र यादव

प्रमुख प्रशासकीय अधिकृत